अनुसूची- १

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

# लगानी सम्बन्धी सूचना

यस विभागबाट सञ्चालित विभिन्न आयोजनाहरुको कोषमा रहेको मौज्दात रकम लगानी गर्नु परेकोले यस बैंकबाट ईजाजतपत्र प्राप्त तल उल्लेखित शर्तहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट आफूले निक्षेप लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम भरी उक्त फारमलाई pdf format मा scan गरी password protected गरेर कुल लगानी योग्य रकम मध्ये लिन चाहेको रकम खोली यस विभागमा मिति २०७८।०२।११ गते बेलुका ४:०० बजे भित्र mfisdinvest@nrb.org.np मा प्राप्त हुने गरी ब्याजदर प्रस्ताव गर्न आह्वान गरिएको छ । साथै, उक्त password protected file को password मिति २०७८।०२।१३ गते मध्यान्ह. १२:०० बजे भित्र mfisdinvest@nrb.org.np मा पठाउनुहुन समेत अनुरोध छ ।

**लगानी योग्य रकम** : १ वर्षे मुद्दती निक्षेपमा रु. ५१,४४,६२,९६०।- (अक्षरेपि रु. एकाउन्न करोड चौवालिस लाख बासट्ठी हजार नौ सय साठी मात्र ) र कल निक्षेपमा (call deposit) रु. १३,१८,९६,७४०।- (अक्षरेपि रु. तेह्र करोड अठार लाख छयानब्बे हजार सात सय चालीस) रहेको छ ।

शर्तहरु :

क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा २ वर्ष पूरा भएको ।

ख) बैंकबाट तोकिएको न्यूनतम पुँजीकोष कायम रहेको ।

ग) निष्कृय कर्जा कुल कर्जा सापटको ५ प्रतिशत भन्दा कम भएको ।

घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पुँजी अनुपात बैंकले निर्धारण गरेको सीमाभित्र रहेको ।

च) निकटतम अघिल्लो आ.व.मा सञ्चालन मुनाफा (व्यवस्था (provision) पछिको) मा रहेको ।

छ) रियल स्टेट कर्जा बैंकबाट तोकेको सीमा भन्दा बढी नभएको ।

ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक उक्त संस्थामा कायम नरहेको ।

झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको ।

ञ) बैंक तथा वित्तीय संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएको भए सो फुकुवा भएको छ महिना अवधि पूरा भएको ।

ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

ठ) प्रस्ताव पेश गर्दा mail को subject मा "*BANK'S NAME* NRB project investment Letter" भनी उल्लेख गर्नु पर्नेछ । साथै, password पठाउँदा mail को subject मा "*BANK'S NAME* NRB project investment Password" भनी उल्लेख गर्नु पर्नेछ।

ड) प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा password protected File हुनुपर्नेछ । Password नराखिएको प्रस्ताव लाई मान्यता दिइने छैन ।

मिति : २०७८।०२।०७

अनुसूची-२

**श्रीमान कार्यकारी निर्देशकज्यू**
**नेपाल राष्ट्र बैंक**
**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**
**बालुवाटार काठमाडौं ।**

विषयः **शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम ।**

महोदय,

त्यस विभागवाट सञ्चालित विभिन्न आयोजनाहरुको कोषमा मौज्दात रहेको रकम बैंक तथा वित्तीय संस्थाहरुको निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति २०७८/०२/०७ मा जारी भएको सूचना बमोजिम तपसिलमा उल्लेखित सबै शर्तहरु र नेपाल राष्ट्र बैंकले निक्षेप संकलन सम्बन्धी जारी गरेका सबै निर्देशनहरु यस बैंक/वित्तीय संस्थाले पूरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम निक्षेपको रुपमा लिन इच्छुक भएकोले यो दरभाउपत्र पेश गरेका छौं ।

| क्र.सं. | निक्षेपको किसिम | प्रस्तावित ब्याजदर | अवधि | लिन चाहेको रकम (रु.लाखमा) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १. | मुद्दती निक्षेप | | १ वर्ष | | |
| २. | कल निक्षेप (call deposit) | | - | | |

यस........................................ बैंक/वित्तीय संस्था को २०७७ चैत महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.सं. | बिवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १. | पुँजीकोष % | |
| २. | निष्कृय कर्जा % | |
| ३. | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप % | |
| ४. | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी अनुपात % | |
| ५. | रियल स्टेट कर्जा/कुल कर्जा % | |
| ६. | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७. | चुक्ता पुँजी (रु.) | |
| ८. | नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. | |

संस्थाको आधिकारिक पदाधिकारीको

दस्तखतः-........................................ संस्थाको नामः-........................................
नामः-........................................ संस्थाको ठेगानाः-........................................
पदः-........................................ संस्थाको छापः-........................................
फोन नं.:-........................................ इमेलः-........................................

नोटः-लगानीसंग सम्बन्धित अधिकारीको सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नं. यस फारमको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।